चुलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली, इलाम

पत्र संख्या: २०८०/०८१

कोशी प्रदेश, नेपाल

च.नं. २२१

मिति:२०८०/०४/३२

विद्यालयमा लेखापरीक्षक नियुक्तिको लागि निवेदन पेश गर्ने सम्बन्धी सुचना
श्री रजिष्टर्ड लेखापरीक्षक / फर्म

यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको आ.व. २०७९/०८० को लेखा परीक्षण गर्नुपर्ने भएकाले दर्तावाला लेखापरीक्षक फर्मले तपसील अनुसारका कागजात सहित १५ दिनभित्र चुलाचुली गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखामा सो संग सम्वन्धित आवश्यक सक्कलै कागजात सहित स्वयम् उपस्थित भई निवेदन गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सुचना गरिएको छ।

तपसिल:

(क) आवश्यक कागजातहरु:

१. निवेदन
२. नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थावाट प्रदान गरिएको पेशागत पत्रको प्रतिलिपि
३. आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. आ.व. २०८०/०८१ को नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि
५. स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि

(ख) लेखापरीक्षकले पालना गर्नुपर्ने शर्त तथा वन्देजहरु:

१. लेखापरीक्षणका लागि लेखापरीक्षक विद्यालयमा अनिवार्य उपस्थिति हुनुपर्नेछ।
२. २०८० कात्तिक मसान्त भित्रमा विद्यालयको लेखापरीक्षण सम्पन्न गरी सो को एकप्रति प्रतिवेदन कार्य सम्पन्न भएको ७ (सात) दिन भित्र यस गाउँपालिका **शिक्षा, युवा तथा खेलकुद शाखामा** लेखापरीक्षक स्वयंले बुझाउनुपर्नेछ। सो नबुझाउने लेखापरीक्षकलाई आगामी वर्षहरुमा सो कार्यमा समावेश नगराउने व्यहोरा समेत जानकारी गराइन्छ।
३. निवेदकले पेश गर्दा सक्कल कागजात सहित निवेदक स्वयम् उपस्थित हुनुपर्ने छ।

२०८०।४।३२

रामप्रसाद मिश्र
शिक्षा अधिकृत (छैटौं)